# शासकीय सुधार कार्यक्रम अनुरूप कृषि तथा सहकारी मन्त्रालयको

# लैङ्गिक मूलप्रवाहीकरण रणनीति




एडीबी

कृषि तथा सहकारी मन्त्रालय

मंसिर २०६३

## FOREWORD

Agriculture accounts for 38% of the gross domestic product and women comprise 65% of the workforce in agriculture and related tasks. Despite the evidence that women undertake the bulk of agricultural work and make many of the day-to-day decisions associated with farming, the benefits of agriculture extension and training have largely accrued to men. The Asian Development Bank (ADB) has been assisting the Government of Nepal (GON) to integrate a gender dimension into its policy instruments and loan projects while simultaneously building government capacity to address gender concerns.

The Agriculture Policy (2004) of GON commits to increase women's participation in the agriculture sector to 50%. This gender strategy prepared by the Ministry of Agriculture and Cooperatives (MOAC) is an effort to reduce gender inequities and redress systemic patterns of disadvantage in the agriculture sector. It is the outcome of a consultative process facilitated by ADB and the Ministry of General Administration (MOGA) in conjunction with GON's Governance Reform Program (GRP).

Dr. Krishna Bahadur Shrestha, Joint Secretary and focal point for GRP in MOAC, and Surendra Kumar Subedi, gender focal person, MOAC took the lead in preparing the gender strategy. Ava Shrestha, Gender and Development Specialist, Nepal Resident Mission (NRM) steered the process and provided overall supervision. Indira Koirala, Consultant NRM provided guidance to the gender focal persons. The process brought together senior government officials and gender focal persons of key pilot ministries for lateral learning and sharing. They include officials of MOAC, MOGA, Ministry of Finance, Ministry of Women, Children and Social Welfare, Ministry of Education and Sports, and Ministry of Health.

This gender strategy is a work in progress and will be implemented using a process approach—it will be refined based on experience gained from the field. It is envisaged that the gender strategy will assist in monitoring gender equity and access, and inform policy decisions.

Ganesh Kumar KC
Secretary
Ministry of Agriculture and Cooperatives

Paolo Spantigati
Officer-in-Charge
Nepal Resident Mission
Asian Development Bank

# परिचय

राष्ट्रको सर्वाङगीण विकासको लागि सुशासन अपरिहार्य हुन्छ। सुशासन बिना कुनै पनि राष्ट्रले विकास एवं प्रगति गर्न सक्दैन। सुशासनका केहि आधारभुत एवं अपरिहार्य तत्वहरु हुन्छन् जसलाई समग्रमा सुशासन भनिन्छ। शान्ति सुरक्षा, जवाफदेहिता, पारदर्शिता, विभेद रहित समान सहभागिता भ्रष्टाचार मुक्त प्रशासन, विकेन्द्रित शासन प्रणाली जिम्मेवारपूर्ण कर्तव्य पालना जस्ता तत्वहरुनै सुशासनमा समाहित हुने चारित्रीक गुण हुन्। यसै परिप्रेक्षमा हाम्रो देश नेपालको सामाजिक, आर्थिक, सांस्कृतिक एवं राजनीतिक विकासको लागि आधारशीलाको रुपमा सरकारले अवलम्वन र अभ्यास गर्न पर्ने सुशासनको अवधारणालाई मुर्त रुप दिन शासकीय सुधार कार्यक्रम एवं कार्य योजनालाई दृढताका साथ लागु गर्नु पर्दछ। विकासको लक्षित उद्देश्य र नतिजा प्राप्त गर्न लैङ्गिक मुलप्रवाहीकरण र महिला सशक्तिकरण अपरिहार्य भएको तथ्य पहिचान भइसकेको अवस्थामा प्रशासनिक संयन्त्रका प्रत्येक तहमा लैङ्गिक समविकासको आधारमा लैङ्गिक समायोजन गरी संस्थामा महिला र पुरुषको संख्यामा समानुपातिक गर्नु पर्ने मान्यता शासकीय सुधार कार्यक्रमको हो।

जनसंख्याको आधाभन्दा बढी भाग ओगटेको महिला वर्गलाई विकास, प्रशासनको प्रत्येक तह र प्रकृयामा पुरुष सरह समान रुपले सहभागी बनाउनु पर्ने तथ्यगत आवश्यकतालाई कार्यान्वियन, अनुगमन, मुल्याङ्कन आदि सबै तहमा महिलाको समानुपातिक सहभागीता एवं संलग्नता सुनिश्चित गर्ने अभिप्रायले शासकीय सुधार कार्यक्रमलाई गम्भिर पूर्वक लागु गरिएको पाइएको छैन र त्यस दिशा तर्फ उचित कदम चाल्न अझै बाँकी नै छ। मन्त्रालयका प्रत्येक महाशाखा, विभाग, शाखा, निर्देशनालय, जिल्ला तथा गाउँ स्तरका सांगठनिक संयन्त्र/सञ्जालमा लैङ्गिक सम्वेदनशीलतालाई गम्भिरतापूर्वक लिईनु पर्दछ।

परिवारको सुख सम्वृद्धि, समुदायको प्रगति र राष्ट्रको दिगो आर्थिक विकासको लागि लैङ्गिक समानता र समता प्राप्त गर्ने प्रयत्न लैङ्गिक खाडल (Gender Gap) पुर्ने कार्यमा त्यती प्रभावकारी हुन नसकेको हाम्रो आफ्नै अनुभवले बताउँछ। त्यसैले लैङ्गिक मुद्दालाई सामाजिक, संरचनागत तथा व्यवस्थापकीय दृष्टिकोणबाट संबोधन गर्न सकिन्छ भन्ने विचारमा नीति निर्माता, योजनाकार तथा विकास विज्ञहरु एक मत छन्। यो प्रकृयाबाट परम्परागत महिला प्रतिको दृष्टिकोण, सामाजिक-सांस्कृतिक अवरोधको साथै संरचनागत बाधा व्यवधानहरु हटाउन सकिने र वैचारिक धारणामा परिवर्तन गर्न सकिन्छ भन्ने मान्यता राख्दछ। त्यसैले महिलाको सहभागिता र संलग्नतालाई व्यापक रुपमा वृद्धि गरी सशक्तिकरण गर्नुपर्ने आवश्यकतालाई कुनै हालतमा पनि नजरअन्दाज गर्नुहुँदैन।

# कृषिमा महिला र पुरूषको भुमिका

नेपाल गाउँनै गाउँले बनेको कृषि प्रधान देश हो। कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३८ प्रतिशत छ भने निर्वाहमुखि कृषि व्यवसायमा महिलाहरुको श्रम करिब सरदर ६५ प्रतिशत रहेको अनुमान गरिएको छ। कृषि उत्पादनमा नै श्रम शक्तिको बाहुल्यता रहेको छ। यसलाई अझै विश्लेषण गर्ने हो भने कूल उत्पादन लागतको ५० – ६० प्रतिशत सम्म कृषक श्रमको अंश रहने र कूल श्रमको अंशमा ५५ – ८५ प्रतिशत सम्म महिला श्रमको योगदान भएको पाईन्छ।



उत्पादनका चार सामग्री (भूमि श्रम पूँजी प्रविधि) मध्ये श्रम सामग्री कृषकबाट आउने हुँदा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन महिला कृषकहरुलाई कृषि विकास कार्यक्रमले विशेष ध्यान दिनु जरुरी छ। यो हासिल गर्न कृषि विकासका लागि नीति निर्धारण देखि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सबै लैङ्गिक अवधारणामा आधारित हुनुपर्दछ। कृषक परिवार भित्रका महिला पुरुष बिच सद्भाव सम्वन्ध, निर्णायक भूमिका, साधन श्रोतमा उनीहरुको पहूँच र नियन्त्रण अवस्था, कार्यवोझको बाँडफाँड आदि विषयलाई समेत मध्यनजर राखिन्छ।

कृषि विकासको प्रमुख पक्ष प्रविधि विकास र प्रसार नै भएको र यसलाई उत्पादनमा रुपान्तर गर्ने वर्ग कृषकहरु भएको तथा कृषकहरु भनेको महिला र पुरुष रहेकाले

प्रविधि बिकास र प्रसार दुबै बर्गको आबश्यकतासँग मेल खाने हुनुपर्दछ । महिला तथा पुरुष दुबै कृषक बर्गको सहभागिता गराई उनीहरुले महसूस गरे अनुरुपको यथार्थ आबश्यकता अनुसारको प्रबिधिको बिकास हुनुपर्दछ ।

## बिकास र महिला

नेपालको परिप्रेक्षमा बिकासमा महिला बर्ग सकृय सहभागिताको बिषयमा बिगतका दुई दशक अबधि यता सोचाई राखेको देखिन्छ । छैठौं आबधिक योजना (१९८०-८५) ले बिकास आयोजना तर्जुमामा महिलालाई समावेश गरिनु पर्छ भन्ने सोचाई राखी महिला कृषकको लागि यसै योजनाले मात्र कृषि कार्यक्रममा जोड दिई उनीहरुको सहभागिता बढाउने भनेको छ । सातौं योजना (१९८५-१९९०) मा महिला कृषकहरुको सहभागिताको कोटा समेत तय गरेको छ । तालिम कार्यक्रममा महिला सहभागिता १० प्रतिशत भनेर कोटाको रुपमा तय भएको पाईन्छ ।

आठौं योजनाले कृषि बिकास कार्यक्रम अन्तरगत प्रविधि बिस्तार, तालिम ऋण, कृषक समूह गठन आदि क्षेत्रहरुमा महिला सहभागिता बढाउन बिभिन्न कार्यक्रम समाबेश गऱ्यो । यसै योजनाले नै कृषि बिकास कार्यक्रममा महिला कृषकहरुको योगदान तथा महत्वलाई ध्यान दिई संस्थागत संरचनाको सोच ल्याएको देखिन्छ ।

## लैङ्गिक मूलप्रवाहीकरण

कृषि बिकास कार्यक्रमहरुलाई लैङ्गिक मूलप्रवाहीकरण गर्ने उद्देश्य अनुरुप

- कृषि तथा सहकारी मन्त्रालयमा महिला कृषक बिकास महाशाखाको स्थापना २०४९ सालमा भएको हो ।
- यो महाशाखा स्थापना पनि आठौं पंचबर्षिय बिकास योजनाले बिकास प्रक्रियामा महिलाको पुरुष समान र उपलब्धिमूलक सहभागितामा जोड दिए अनुरुप भएको मान्न सकिन्छ ।
- आठौं योजनाले बिकासमा महिलाको भूमिकालाई पूर्ण अङ्गिकार गरी बिकासका प्रत्येक हाँगाहरु जस्तै कृषि, उद्योग, बन आदि सबैमा महिलाको संलग्नतालाई महत्व दिई नीति निर्माण गर्न जोड दिए अनुरुप कृषि तथा सहकारी मन्त्रालयको यस महाशाखाले स्थापना लगत्तै राष्ट्रिय योजना आयोगसंगको समन्वयमा महिला कृषकको बिकासको लागि नीति निर्माण गरेको छ ।
- महाशाखाले आफ्नो स्थापना पछि महिला कृषकहरुलाई कृषि बिकास कार्यक्रममा सहभागिता गराउन Five years Strategic Plan for the women farmers development of Nepal (1994-1999) को पनि तयारी गरी उक्त Plan मा खाद्यान्न बाली, बागबानी, पशु बिकास जसमा बाख्रापालन, बंगुर पालन, कुखुरा पालन, खरायो पालन आदिको उत्पादनमा महिला कृषकहरुलाई अग्रसर गराउने कार्यक्रम समेत बनाईएको थियो । त्यस्तै पोषण तथा खाद्य प्रशोधन तर्फ पनि कार्यक्रम प्रस्तावित थिए ।



- महिला उद्यमी बिकास तर्फ पनि केही कार्यक्रमको सोच भएको देखिन्छ । सो योजनाले सिफारिस गरे अनुसार सम्बन्धित आयमूलक कार्यक्रमहरु नमूना कार्यक्रमको रुपमा बिकास गरी आगामी बर्षहरुमा ती महिला कृषकहरुलाई सफल कृषि व्यवसायी बनाउन पनि अग्रसर भएको पाईन्छ ।

- नवौं योजनामा त तीन वटा मूल उद्देश्य शशक्तीकरण, समानता तथा मूलप्रवाहीकरण राखिएको हुँदा मूलप्रवाहीकरणमा अघि बढ्ने स्पष्ट बाटो देखिन आयो ।
- दशौं योजनाले पनि नवौं योजनाकै मूलभूत कुराहरुलाई समेटी अघि बढ्ने दिशा निर्देश गरेको पाईन्छ । दशौं पंचवर्षिय योजना पछि पनि शुरु गरेका कार्यहरुलाई निरन्तरता दिने साथै आयमूलक बजारमूखी कृषि तर्फ महिला कृषकहरुको अग्रसरता ल्याउन जोड दिनु त छँदैछ ।



आठौं योजनादेखि निरन्तर रुपमा कृषि कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरणका लागि कार्यहरु गर्दै आएको र हाल प्रत्येक जिल्ला कृषि बिकास कार्यालय र पशु सेवा कार्यालयहरुका कार्यक्रमहरु समूह पद्धति अनुसार सन्चालन हुने भएकोले महिला कृषक समूहको लागि समेत प्रशस्त कार्यक्रमहरु सन्चालित छन् । भएका कार्यहरुको उपलब्धिपूर्ण अवस्था र महिला बिकास भन्नु भन्दा लैङ्गिक बिकास भन्दा समसामयिक हुने ठहर गरी यही २०६१ बैशाख देखि कृषि तथा सहकारी मन्त्रालयको नयाँ संगठनात्मक संरचना तयार भएको र त्यसमा महिला कृषक बिकास महाशाखाको नाम परिबर्तन भै लैङ्गिक समता तथा वातावरण महाशाखा भएको छ । वातावरण र जैविक बिबिधता तथा लैङ्गिक बिषयबस्तुहरु एक अर्कासँग धेरै नजिकबाट सम्वन्धित भएकाले यी सबै कार्य गर्ने गरी महाशाखाको नामाकरण भएको छ । कृषि तथा सहकारी मन्त्रालय अन्तरगतका बिभिन्न बिभागहरुबाट पनि लैङ्गिक अवधारणामा निहीत कृषि बिकास प्रयासहरु भैरहेको अवस्था छ ।

## राष्ट्रिय कृषि नीति-२०६१ मा प्रस्तावित

- कृषिका कार्यक्रमहरुको संचालनमा संभव हुने सबै क्षेत्रमा महिला संलग्नता एवं सहभागितालाई ५० प्रतिशत पुऱ्याइने छ ।
- महिला कृषक तालिममा सकभर घुम्ती तालिमको प्रबन्ध मिलाई घरगाउँ नगिच पुऱ्याउने प्रबन्ध मिलाइनेछ ।
- कार्यक्रम महिला संलग्नता सम्वद्ध सूचना तथा तथ्याङ्कहरुको प्रवाहलाई सूनिश्चित गरिनेछ ।

## शासकीय सुधार कार्यक्रम

- शासकीय सुधार कार्यक्रमले परिलक्षित गरेका विभिन्न पक्षहरु मध्ये सबै क्षेत्रका प्रत्येक प्रकृयागत तहमा महिलाहरुको सकृय भूमिकाको लागि उनीहरुको संलग्नता र सहभागीतालाई पुरुष सरह अधिकारिक र समानुपातिक बनाउनु भएकोले कृषि तथा सहकारी मन्त्रालय र मातहतका आयोजना, विभाग, समिति, बोर्ड, कंपनीहरुमा लैङ्गिक मुलप्रवाहीकरण एवं महिला सशक्तिकरणको अवधारणागत दृष्टिकोण आधारमा महिलाहरुको समानुपातिक सहभागीता ५०/५० पुऱ्याउन पर्ने आवश्यकता टड्कारो देखिन्छ ।
- देशको आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक अवस्था, महिला वर्गको विद्यमान शैक्षिक स्तर, सामाजिक संस्कार र विभाग र आयोजनाहरुको प्रकृति आदि सबैलाई दृष्टिगत गरि लैङ्गिक मुलप्रवाहीकरण संबन्धी चरणबद्ध रणनीति अख्तियार गर्न परम आवश्यक छ ।
- सेवा प्रदान गर्ने पक्ष र सेवा लिने पक्ष दुबैलाई लैङ्गिक अवधारणामा समाहित गरेर जानु नै आजको सन्दर्भिक बिषयबस्तु हो ।

शासकीय सुधारको लागि जुन किसिमको हालको सोच छ सो अनुसार कृषि बिकासमा कृषि तथा सहकारी मन्त्रालयले केही दिर्घकालिन र केही तत्कालिन रणनीतिहरु लिनुपर्ने आवश्यकता महसूस गरिएको छ जस्ले सेवाग्राही र सेवाप्रदायकलाई दुबै पक्षलाई समेटेको छ ।

## दीर्घकालिन रणनीति

| उद्धेश्य | रणनीति | कार्यनीति | प्रतिफल |
|---|---|---|---|
| आधारभुत संरचनाको विकास र सुधार | व्यवसायिकरण | ■ निर्यात योग्य कृषि उपजमा प्राथमिकता दिई महिला सहभागिता बढाउने र प्राविधिक र ऋण सहुलियत प्रदान गरि उत्पादन बृद्धि गर्न लगाउने ।<br>■ महिला कृषकको निमित्त बजार व्यवस्थाको सुनिश्चितता गर्ने र सरकारी संयन्त्रले सहजीकरण गरि सहयोग गर्ने ।<br>■ निर्वाहमुखि कृषि प्रणालीलाई निरुत्साही गर्दै क्रमिक रुपले व्यवसायिकरण गर्ने र आवश्यक संचार, सुचना र प्रविधि महिला समक्ष पुऱ्याउने ।<br>■ कृषिमा आधारित उद्योगलाई चाहिने कच्चापदार्थ उत्पादन गर्न महिलालाई प्रोत्साहन गर्ने ।<br>■ बढि मोल पर्ने कृषिजन्य बालीवस्तुको खेति गर्न महिला कृषकलाई सुचना र प्रविधिद्वारा प्रोत्साहित गर्ने । | ■ कृषिमा व्याबसायीकरण भई महिलाको सिप अभिबृद्धि हुने तथा आर्थीक रुपले शसक्त हुने । |
| | सिंचाईको व्यवस्था | ■ सिंचाईको सुविधाको साथै पानीको अधिकतम सदुपयोग हुने प्रविधि अवलम्बन गर्न आवश्यक सहयोग, सुविधा, र प्राविधिक ज्ञान महिलालाई प्रदान गर्न समन्वय गर्ने ।<br>■ महिला समूहहरुको मागमा आधारीत सिंचाइ आयोजनाहरुलाई प्राथमिकता दिने । | ■ उत्पादनमा बृद्धि हुने । |
| | स्थानीय निकायको संलग्नता | ■ स्थानीय निकायको कोषलाई गाउँ विकास योजना अन्तरगत महिला कृषकको आय बृद्धि हुने कार्यक्रममा पहिलो प्राथमिकता दिन समन्वय गर्ने ।<br>■ आइ.एन.जि.ओ./एन.जी.ओ. र स्थानीय निकायको साझेदारी र जिम्मेवारीमा महिला कृषक समूहलाई उनीहरुले पहिचान गरेको आधारभूत आवश्यकता पुरा गर्न पर्ने व्यवस्था मिलाउन समन्वय गर्ने । | ■ स्थानीय निकायसमेतको कोष महिला कृषकमा परिचालन हुने । |

## तत्कालिन रणनीति

| उद्धेश्य | रणनीति | कार्यनीति | प्रतिफल |
|---|---|---|---|
| क्षमता अभिवृद्धि | तालिम, भ्रमण, नेतृत्व विकास, प्रोत्साहन आदि | ■ कृषि प्रविधिक कर्मचारीहरुको उच्चशिक्षा, तालिम, अध्ययन भ्रमण आदिमा कम्तीमा पनि ३३ प्रतिशत महिलालाई उपलब्ध गराउने ।<br>■ कृषक भ्रमण र तालिममा ५०/५० को अनुपात कायम गर्ने ।<br>■ समूहले छानेको अगुवा महिला कृषकलाई विशेष प्रोत्साहनको व्यवस्था गर्ने ।<br>■ सामाजिक परिचालन ब्यवस्थापनमा तालिमप्राप्त महिलालाई स्रोत व्यक्तिको रुपमा विकास गर्न प्रोत्साहन दिने । | ■ क्षमता अभिवृद्धि भई कार्यक्षमता बृद्धि हुने । |
| संरचनागत व्यवस्था | महिला प्राविधिक जनशक्ति विकास | ■ कृषि/पशु सेवा तर्फ जे.टी./जे.टी.ए. तालिममा कम्तीमा ३३ प्रतिशत महिला हुनै पर्ने व्यवस्था गर्ने ।<br>■ केन्द्रिय स्तर र जिल्ला स्तरका प्रसार कार्यालयहरुमा महिला प्राविधिक अधिकृत तथा जे.टी./जे.टी.ए. को संख्या समानुपातिक बनाउन प्रयत्नसिल रहने । | ■ महिला प्राविधिक जनशक्तिको विकास हुने । |

## तत्कालिन रणनीति

| उद्धेश्य | रणनीति | कार्यनीति | प्रतिफल |
|---|---|---|---|
| | महिला कृषक समूह गठन र परिचालन | ■ महिला र मिश्रीत समूह गठनलाई प्राथमिकता दिने र मिश्रीत समुहमा ६० प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्ने ।<br>■ समूहलाई आवश्यक प्राविधिक र भौतिक सहयोग उनीहरुको आवश्यकता अनुसार उपलब्ध गराउने ।<br>■ मिश्रित समूहको निर्णय तहमा महिलाको बराबरी सहभागिता सुनिश्चित गर्ने ।<br>■ समूह बैठकमा महिलाको सहभागिता बढाउने । | ■ समूहमा महिला सहभागीता तथा प्रभावकारीता बृद्धि हुने । |
| | तालिम व्यवस्था | ■ महिला कृषकहरुलाई कृषिमा आधारीत उद्यमशिलता तालिममा सहभागी गराउने ।<br>■ उच्च मोल प्राप्त हुने कृषिबस्तुहरुको उत्पादनमा महिला सहभागीता बृद्धि गर्ने ।<br>■ महिला कृषकहरुलाई उपयुक्त कृषि यान्त्रीकिकरण तथा प्रविधिको बिकास तथा तालिम दिने । | ■ तालिम प्राप्त महिलाहरुमा बढि उद्यमशिलता बढ्ने । |
| | कार्यक्रमहरुमा पहुँच | ■ महिला कृषकहरु सहभागि भएको कार्यक्रमहरुको बिवरण अध्याबधिक गर्ने ।<br>■ महिला कृषकहरुलाई कृषि उद्योग सन्चालनमा प्रोत्साहन गर्ने । | ■ क्षमतामा बृद्धि हुने । |
| | गुनासो व्यवस्थापन | ■ प्रत्येक कृषि र पशुसेवा कार्यालयमा महिला कृषकहरुको गुनासो सुनुवाइ तथा निराकरण समेतको व्यवस्था गर्ने । | ■ गुनासो सुनुवाईको व्यवस्था हुने । |
| | संस्थागत सुदृढिकरण | ■ लैङ्गिक सम्पर्क बिन्दुलाई औपचारिकतामा सिमित नगराई यसलाई पूर्ण पारदर्शी कार्यमुलक संस्थागत समूहको रुपमा बिकास गर्ने ।<br>■ लैङ्गिक सम्वेदनशीलताको विषयमा कार्यक्रम तर्जुमा देखी मुल्याङ्कन प्रकृया सम्मका प्रत्येक तहमा यसको संलग्नता, सुझाव र परामर्श समेत समावेश गर्ने ।<br>■ लैङ्गिक समता तथा वातावरण महाशाखालाई मन्त्रालय मातहतका निकायहरु सम्पूर्ण तहमा लैङ्गिक मूलप्रवाहीकरण गर्न सीप, ज्ञान, र श्रोतले सम्पन्न महाशाखाको रुपमा बिकसित गर्ने ।<br>■ लैङ्गिक सुचकहरु निर्माण गरी मातहतका सबै निकायमा Gender सम्वन्धि समन्वय गर्न सक्ने ईकाईको बिकास गर्ने ।<br>■ लैङ्गिक पक्ष समेट्ने खालका गुणात्मक अनुसन्धानहरु समय समयमा संचालन गर्ने ।<br>■ खण्डीकृत सुचना व्यवस्था प्रणालीको बिकास गरि लैङ्गिक फाटो (Gender Gap) मा आधारित भई योजना तर्जुमा, कार्यान्वयन र समिक्षा गर्ने ।<br>■ लैङ्गिक विश्लेषण गर्न आवश्यक स्वदेशी तथा बिदेशी तालिमको व्यवस्था गर्ने । | ■ संस्थागत सुदृढिकरण भई कार्यदक्षता बढ्ने । |
| आय आर्जन | विविधिकरण र व्यवसायिक बनाउने | ■ महिला कृषकहरुलाई उच्च मूल्य प्राप्त हुने कृषि व्यवसायमा लाग्न प्रोत्साहित गर्ने र त्यसको प्रगतिलाई कर्मचारीको मुल्याङ्कनको आधार बनाउने ।<br>■ माटोको उर्वरा शक्ति कम हुन नदिन र भू-क्षयबाट बचाउ गर्ने उपाय अवलम्बन गर्न महिला केन्द्रित संचार प्रकृयाको विस्तार गर्ने ।<br>■ उत्पादन सामग्रीहरु (कर्जा, बिउ बिजन, मलखाद, कम हानीकारक किटनासक औषधी, पशु चिकित्सा असल/उन्नत नश्लको पशुपंक्षी आदी) मा महिलाको पहुँच सर्बसुलभ बनाउने । | कृषिमा ब्यावसायीकरण तथा महिलाको क्षमता अभिबृद्धि हुने । |
| | PBMS लाई लैङ्गिक अवधारणा अनुरुप बनाउने | ■ कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीमा विकसित सूचकहरुलाई लैङ्गिक बिभेदीकरण गरी सोको आधारमा पनि मूल्यांकन गर्ने प्रणालीको बिकास गर्ने । | कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली प्रभावकारी रुपमा लागु हुने । |

# लैङ्गिक सम्पर्क बिन्दुले गर्नुपर्ने कामहरू, अधिकार र कार्यमापन प्रकृया/सूचक निर्देश सर्त (TOR)

| क्र. सं. | कार्यहरू | अधिकार | मिलाउनु पर्ने संयन्त्र | कार्यमापन प्रकृया/सूचक |
|---|---|---|---|---|
| १ | कृषि तथा सहकारी मन्त्रालयसँग सरोकार राख्ने कृषिको मूल नीति र बिषयगत नीतिहरु, योजना, कार्यक्रम र कृषि सम्बन्धि सार्वजनिक सरोकारका सम्पूर्ण दस्तावेजहरुको जेन्डर अडिट गर्न गराउन पहल गर्ने । | लैङ्गिक सम्पर्क बिन्दुलाई मूल नीति र बिषयगत नीतिहरु, योजना, कार्यक्रम र कृषि सम्बन्धि सार्वजनिक सरोकारका सम्पूर्ण दस्तावेजहरु उपलब्ध हुनु पर्ने । | लैङ्गिक सम्पर्क बिन्दुलाई अनिबार्य रुपमा नीति निर्माण, योजना तर्जुमा तथा अन्य बिषयगत नीति निर्माणको छलफलमा अनिवार्य रुपमा सहभागि गराउने र नीजको राय समाबेस हुने । | नीति, योजना तथा कार्यक्रमहरु लैङ्गिक सम्बेदनसील हुने । |
| २ | कृषि तथा सहकारी मन्त्रालय मातहतका सम्पूर्ण बिभाग, महाशाखा, कार्यक्रमहरु, आयोजनाहरुसँग समन्वय गर्ने र लैङ्गिक सवालहरुप्रति अधिबाचन (Advocacy) गर्न पहल गर्ने । | जुनसुकै समयमा पनि कार्यक्रम सन्चालन गर्दा लैङ्गिक सवालको पक्षमा अनुगमन र सुपरिवेक्षण गर्न पाउने । | कृषि तथा सहकारी मन्त्रालयबाट बनाईने समिति, कार्यदल आदीमा लैङ्गिक सम्पर्क बिन्दु सदस्य हुने । | लैङ्गिक सम्पर्क बिन्दु संस्थागत हुने । |
| ३ | क्षमता अभिबृद्धि गर्न गोष्ठी, तालिम, अन्तरकृया आदिको आयोजना गर्ने । | कार्यक्रमहरु सन्चालन गर्न बजेट उपलब्ध हुनु पर्ने । | गोष्ठी, तालिम, अन्तरकृया आदिको आयोजना गर्न साधन श्रोतको ब्यवस्थापन हुने | बिभिन्न निकायहरुका जनशक्तीमा लैङ्गिक मूल प्रवाहीकरणको ज्ञान बृद्धि हुने । |
| ४ | कार्यालयमा लैङ्गिक मैत्री वातावरणको अनुगमन गर्ने । | कार्यालयमा लैङ्गिक मैत्री वातावरणको अनुगमन गर्न पाउने अधिकार सुनिश्चित हुनुपर्ने । | भौतिक संरचना, मानवीय सहयोग र सूचना प्रवाह प्रणाली सुनिश्चित हुने । | लैङ्गिक मैत्री वातावरणको अनुभव हुने । |
| ५ | चौमासिक तथा बार्षिक प्रगति समिक्षामा प्रस्तुत हुने प्रतिबेदनमा लैङ्गिक पक्ष समावेश गराउने । | लैङ्गिक पक्षका सुझाबलाई लागु गर्ने अधिकार हुनु पर्ने । | लैङ्गिक सूचकहरु मूल्यांकन प्रणालीमा समाबेश हुने । | लैङ्गिक सूचकको प्रयोगको माध्यमबाट प्रगति समिक्षा हुने । |
| ६ | कृषि क्षेत्रको लैङ्गिक खण्डिकृत (Gender disaggregated) सूचना ब्यबस्थापन गर्ने । | लैङ्गिक खण्डिकृत सूचना संकलन र ब्यबस्थापनको लागि जनशक्ती र सामग्रीहरुको पूर्ति हुने पर्ने | तथ्यांक महाशाखाको कार्यसन्चालनमा लैङ्गिक सम्पर्क बिन्दुको सहभागिता गराउने । | लैङ्गिक खण्डिकृत (बिभेदी) तथ्यांक उपलब्ध हुने । |
| ७ | नियमित रुपमा कम्तीमा एक लैङ्गिक निर्दिष्ट (Gender Specific), मौलिक अनुसन्धानात्मक कार्यक्रम सन्चालन गर्ने । | तयार गरेको कार्यक्रम तथा प्रस्ताव गरे अनुसार बजेट स्वीकृत हुनु पर्ने । | लैङ्गिक निर्दिष्ट (Gender Specific) कार्यक्रममा बजेट प्रतिशत तोकिने । | लैङ्गिक निर्दिष्ट (Gender Specific) मौलिक अनुसन्धानात्मक प्रतिबेदन तयार हुने । |
| ८ | कृषि सँग सम्बन्धित जनशक्ति उत्पादन, उपयोग क्षमता अभिबृद्धि तर्फ लैङ्गिक दृष्टिबाट समन्वय गर्न गराउने । | साधन श्रोतको ब्यवस्था हुनु पर्ने । | प्रत्येक तहमा लैङ्गिक समन्वय ईकाइको ब्यवस्था हुने । | लैङ्गिक बिकासको सोच हुने । |
| ९ | वार्षिक, आवधिक रुपमा तयार गरिने लैङ्गिक अभिलेखनको लागि मन्त्रालय तथा सम्बद्ध क्षेत्रगत मन्त्रालयलाई समेत लैङ्गिक बिवरण उपलब्ध गराउन पहल गर्ने । | बिवरण संकलन तथा संचारको प्रभावकारी ब्यवस्थाको बिकास हुनुपर्ने । | आवश्यक बिवरणको अग्रिम जानकारी हुने संयन्त्र | आबधिक प्रतिबेदनले समग्रता पाउने । |
| १० | कृषिसँग सम्बन्धित नागरिक समाजबाट भएका प्रयासहरुलाई समेट्दै लैङ्गिक आलेखहरु तयार गर्न प्रयासरत रहने र साझेदारीको अवधारणालाई मूर्तरुप दिन सहयोग गर्ने । | कृषि बिकासको लागि गैर सरकारी संस्था/नागरिक समाजसँग संयोजन गर्न सक्ने अधिकार दिनुपर्ने । | गैर सरकारी संस्था तथा नागरिक समाजको आफ्नो प्रगति र योगदान बारे संबद्ध मन्त्रालयलाई जानकारी हुने । | राष्ट्रिय प्रगतिमा गै.स.स. तथा नागरिक समाजको योगदान देखिने । |

एसियाली विकास बैंक
नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
पोष्ट बक्स ५०१७, काठमाडौं, नेपाल ।
फोन:    + ९७७ १ ४२२ ७७७९
फ्याक्स: + ९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.adb.org/nrm

कृषि तथा सहकारी मन्त्रालय
सिंह दरबार
काठमाडौं
नेपाल
फोन:    + ९७७ १ ४२२ ५१०८
        + ९७७ १ ४२२ ८१३७
फ्याक्स: + ९७७ १ ४२२ ५८२५
www.moac.gov.np